तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोल्माटार, सिन्धुली ३ नं. प्रदेश, नेपाल २०७३

आज मिति २०७६।१०।१२ गते आइतवारका दिन यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण वहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपशिलका प्रस्ताव माथि छलफल गरी देहाय वमोजिमको निर्णय गरियो ।

| क्र.स. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री कर्ण वहादुर मगर | |
| २ | उपाध्यक्ष | श्री पदममाया तामाङ | |
| ३ | प्रमुख प्रशासकिय अधिकृत | श्री विष्णु प्रसाद सुवेदी | |
| ४ | कार्यपालिका सदस्य | श्री गोबिन्द बहादुर राउत | |
| ५ | कार्यपालिका सदस्य | श्री हेम बहादुर श्रेष्ठ | |
| ६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर स्याङ्तान | — |
| ७ | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर भुजेल | |
| ८ | कार्यपालिका सदस्य | श्री दिनेश कुमार रमौली | |
| ९ | कार्यपालिका सदस्य | श्री बिर वहादुर पुलामी | |
| १० | कार्यपालिका सदस्य | श्री कोमल बहादुर खपाङ्गी | |
| ११ | कार्यपालिका सदस्य | श्री रेखराज अधिकारी | |
| १२ | कार्यपालिका सदस्य | श्री शेर बहादुर मगर | |
| १३ | कार्यपालिका सदस्य | श्री पुण्यहरी भुजेल | |
| १४ | कार्यपालिका सदस्य | श्री हितलाल श्रेष्ठ | |
| १५ | कार्यपालिका सदस्य | श्री जगदिश्वर तोलाङ्गी | |
| १६ | कार्यपालिका सदस्य | श्री दुध कुमारी ठकुरी | — |
| १७ | कार्यपालिका सदस्य | श्री देवमाया श्रेष्ठ | देवमाया |
| १८ | कार्यपालिका सदस्य | श्री टेक बहादुर परियार | — |
| १९ | कार्यपालिका सदस्य | श्री भगवति श्रेष्ठ | |
| २० | कार्यपालिका सदस्य | श्री गीतामाया थापा | |

सहायक कर्मचारी :- सुरेश कुमार बराल

सहयोगी कर्मचारी :- पदम बहादुर तामाङ

प्रस्तावहरु :-

१. अधिल्लो बैठकको निर्णय समिक्षा सम्वन्धमा ।

२. गाउँ सभा सम्पन्न गर्ने सम्वन्धमा ।

३. कर संकलन सम्वन्धि अभिमुखिकरण कार्यक्रम संचालन गर्ने सम्वन्धमा ।

४. हेभि इक्विपमेन्ट अनिवार्य सुचिकृत गर्ने सम्वन्धमा ।

५. भिमस्थान उपस्वास्थ्य चौकि भवनको म्याद थप सम्वन्धमा ।

६. खेलकुद मैदानको निर्माण स्थल निर्धारण गर्ने सम्वन्धमा ।

७. प्रादेशिक महोत्सव गर्ने सम्वन्धमा ।

८. करार कर्मचारीको म्याद थप सम्वन्धमा ।

९. "घ" वर्गको निर्माण व्यवसाय दर्ता सम्वन्धमा ।

१०. DPR को योजना छनौट सम्वन्धमा ।

११. JCV संचालन कार्याविधि सम्वन्धमा ।

१२. अमिन भर्ना सम्वन्धमा ।

निर्णयहरु :-

प्रस्ताव नं. १ माथि छलफल गर्दा आजको यस तीनपाटन गाउँकार्यापालिकाको बैठकमा अधिल्लो महिना भएको निर्णयहरुको दफावार रुपमा समिक्षा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा कार्यापालिको वैठक माघ २२ गते बुधवार गर्ने र छैठौं गाउँसभाको बैठक आगामी माघ २५ गते शनिवार विहानको १०:०० बजे गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. ०७६/०७७ मा आर्थिक ऐनले निर्देशित गरेका कर संकलन प्रयोजनका लागि तथा आन्तरीक स्रोत प्रभावकारी रुपमा संचालनका लागि कर सहभागिता सम्वन्धि अभिमुखिकरण कार्यक्रम २०७६ माघ १३ गते विहान १०:०० चकमके १७ गते विहान १०:०० वाहुनतिल्पुङ र दिनको ३:०० बजे मझुवा तथा १८ गते विहान १०:०० बेलघारी र दिउसो ३:०० गते भिमस्थानमा संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा लोडर, डोजर, एक्साभेटर, ट्याक्टर, ट्रक, ट्रिपर आदि लगायतका हेभि सवारी साधनहरुको अनिवार्य रुपमा तीनपाटन गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर लिई गाउँपालिकामा सुचिकृत गर्ने भन्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा पाखिन / सलाम जे.भि. कमलामाई न.पा.-७ ले विभिन्न कारण खुलाई मिति २०७६।०३।२४ गते भिमस्थान चौकी भवनमा निर्माण सम्पन्न गर्नका लागि म्याद थप गरिदिनुहुन निवेदन माग गरेकाले र उक्त स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गरी संचालन गर्नुपर्ने आवश्यकता भएकाले निज कम्पनिलाई निवेदनको मितिदेखि ३ महिनाको अवधि दिई कार्यसम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाको वडा न ११ मा चकमके तीनपाटन खेलमैदान निर्माण गर्ने र निर्माण समितिको संयोजक वडा न ११ को वडाध्यक्ष श्री हितलाल श्रेष्ठ तोक्ने र अनुगमन समिति गठन गर्ने तथा चकमके तीनपाटन खेलमैदानले पहिलेदेखि नै प्रयोग गरेको अन्दाजि २.५ विघा ऐलानि जग्गा पर्त्ति जग्गालाई खेल मैदानको रुपमा स्तरउन्नति गरी आवश्यक संरक्षण र उपयोगको प्रतिवद्धता जनाउने निर्णय गरियो ।

प्रस्ताव न ७ माथि छलफल गर्दा प्रादेशिक महोत्सव प्रदेश सरकारको समन्वयमा तथा उद्योग वाणिज्य संघको नेतृत्वमा यहि मिति २०७६ साल माघ महिनाको २८ गते देखि फाल्गुण ५ गते सम्म संचालन गर्नका लागि उद्योग वाणिज्य संघ चकमकेशाखा लाई जानकारी गराउने निर्णय गरियो ।

प्रस्ताव न ८ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा काम गर्ने सम्पुर्ण करार कर्मचारीको म्याद २०७६ साल माघ १ गते देखि लागु हुने गरी २०७७ साल असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

प्रस्ताव न ९ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति २०७५।०५।२४ को वैठकवाट स्वीकृत गाउपालिका 'घ' वर्गको निर्माण व्यावसायी इजाजत सम्वन्धी कार्यविधि २०७५ को दफा (२) को उपदफा (१) अनुसार तीनपाटन विल्डर्स, तिनपाटन-२ सिन्धुलि र महाकाली निमार्ण सेवा तीनपाटन-२ सिन्धुलीवाट इजाजत पत्र प्राप्तिको लागि कार्यविधिको अनुसुचि (५) अनुसार आवश्यक कागजात सहित निवेदन पेश हुन आएकोले कार्यविधिको दफा (२) को उपदफा (३) अनुसार तीनपाटन विल्डर्स, तिनपाटन-२ सिन्धुलि र महाकाली निमार्ण सेवा तीनपाटन-२ सिन्धुलीलाई "घ" वर्गको निर्माण व्यवसायि इजाजत पत्र दिने निर्णय गरियो ।

प्रस्ताव न १० माथि छलफल गर्दा विगत गाउँकार्यपालिका वैठकवाट छनौट भएका मध्ये वजेटले भ्याउने गरी निम्न योजना छनौट गरी DPR गर्ने निर्णय गरियो

१. जरायोटार, मभ्फुवा, भालुखोला पक्कि पुल

२. वाङ्गेटार, काडाङ, भालुखोला पक्कि पुल

३. तीनपाटन गाउँपालिका धापचौंकी देखि दमार चौकी सम्म महाभारत जडिवुटि अनुसन्धान

४. लाम्पन्टार सुन्दरफाँट, चकमके, माथिल्लो वजार, परास, लाम्पन्टार हुदै व्यवस्थित सफा सहर विकास गुरुयोजना

५. सेति पैरे चकमके बजार तटवन्धन

प्रस्ताव न ११ माथि छलफल गर्दा JCV संचालन सम्वन्धि कार्याविधि निर्माण गर्नको लागि तीनपाटन गाउँपालीकाको प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने र आगामी कार्यापालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा एक जना अमिन आवश्यक परेकोले अमिन भर्ना सम्वन्धि अनुमोदनको लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।